# लोक सेवा आयोग
# काठमाडौं कार्यालय
(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


## राष्ट्रिय वाणिज्य बैङ्कको तह-५, वरिष्ठ सहायक (सूचना प्रविधि) पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

## सूचना नं. १७४।०७८-७९, मिति २०७९।०२।१२

लोक सेवा आयोग, काठमाडौं कार्यालयले सञ्चालन गर्ने **राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड**को मिति २०७८।०७।१४ गते प्रकाशित तपसिलको विज्ञापन नं., पद, सेवा, समूहको लिखित परीक्षाको परीक्षा कार्यक्रम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को पालना गर्ने गराउने गरी तपसिलको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन। तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै पुग्नु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

**तपसिल**

**परीक्षा कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह, तह | पत्र | विषय | परीक्षा मिति समय , अवधि र परीक्षा प्रणाली |
|---|---|---|---|---|---|---|
| १. | ९१।२०७८।०७९ (बागमती प्रदेश अन्तर्गत उपत्यका बाहिरका कार्यालय) | खुला तथा समावेशी | वरिष्ठ सहायक (सूचना प्रविधि), प्रशासन, सूचना प्रविधि, ५ | प्रथम | बैंकिङ्ग, लेखा तथा व्यवस्थापन | २०७९।०२।२५ गते, दिनको २:०० बजे, ३ घण्टा (विषयगत) |
| | | | | द्वितीय | Computer/IT Knowledge | २०७९।०२।२६ गते, दिनको २:०० बजे, ३ घण्टा (विषयगत) |

**लिखित परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरूको रोल नं. | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | ३९१००१ देखि ३९१२०० सम्म | २०० | श्री लोक सेवा आयोग, काठमाडौं कार्यालय (क), अनामनगर |
| २ | ३९१२०१ देखि ३९१३२० सम्म | १२० | श्री लोक सेवा आयोग, काठमाडौं कार्यालय (ख), अनामनगर |

**द्रष्टव्य १**:-

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।
२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।
३. परीक्षा भवनमा झोला, मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।
४. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।
५. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ।

**द्रष्टव्य २**:- **कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू:**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ।
२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा भौतिक दूरी कायम गर्नु पर्नेछ।



क्रमशः

लोक सेवा आयोग
**काठमाडौं कार्यालय**
(परीक्षा शाखा)
अनामनगर, काठमाडौं
☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np

३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।
४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ ।
५. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्न पाइने छैन ।
६. कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी यस कार्यालयको टेलिफोन नं. ०१-४७७१९८५ वा मोवाईल नम्बर ९८४१७७७६७०, ९८४१४३४५९१, ९८५८०४२२७१, ९८४९४०९४०९ वा राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको मोवाईल नं ९८४१५५७२८३ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ।

| | | |
|---|---|---|
| ...................................... | ........................................... | ...................................... |
| (दिलिप पौडेल) | (अभिराज डाँगी) | (चन्द्रकान्त निरौला) |
| नायव सुब्बा | शाखा अधिकृत | उपसचिव |